# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, वैशाख ५ गते २०६२ साल (संख्या १

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध नेपाल अर्बुद रोग निवारण संस्थाको सक्रियतामा संचालित भक्तपुर क्यान्सर अस्पतालको लागि The American Himalaya Foundation बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर १,२५,०००।– मूल्य बराबरको Refurnished Oldelft Simulix-MC Radiotherapy Simulator मेशिन आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध पीडित सेवा संघ (VSRP) नामक संस्थाका लागि दातृ संस्था सामारिटन पर्स,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अमेरिकाको सहयोगमा संचालित Victim Support and Rehabilitation Program को लागि उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ६,६००।- मूल्य बराबरको खेलौना लगायतका शैक्षिक सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठान नामक संस्थाका लागि दातृ संस्था निकोल निकी फाउण्डेशनको सहयोगमा सोलुखुम्बुमा संचालित पासाङ ल्हामु निकोल निकी अस्पताललाई उपहार स्वरुप प्राप्त हुने स्वीस फ्रैंक ८,९५०।- मूल्य बराबरको मेडिकल उपकरणहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध Nepal AOTS Alumni Society (NAAS) नामक संस्थालाई दातृसंस्था Toyonaka International Friendship Association(UTIFA) जापानले सरकारी विद्यालयहरूलाई निःशुल्क वितरण गर्ने कार्यक्रम अन्तर्गत उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ७,५००।- मूल्य बराबरको ५० थान Second Hand Laptop कम्प्युटरहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, शिक्षण अस्पताल महाराजगञ्जलाई अन्तर्राष्ट्रिय न्यूरो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्जरी विकास सहयोग FIENS संस्थाबाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ८,२२९।- मूल्य बराबरको M65 Surgical Microscope थान एक आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध हेल्थ केयर फाउण्डेशन नेपाल (Health Care Fouudation Nepal) नामक संस्थालाई जर्मन नागरिक Dr. Richard Strokenmaier बाट मृगौला पीडितलाई राहत पुऱ्याउने कार्यक्रमको लागि उपहारस्वरुप प्राप्त हुने युरो २२,३८४।- मूल्य बराबरको मेडिकल उपकरणहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी भारतीय राजदूतावासबाट Aganta: The Unseen Jewel प्रदर्शनीको लागि नेपाल भित्रिएका देहायबमोजिमका भारतीय ट्रकहरूमा अस्थायी पैठारो बापत लागेको रू. ४७,२६०।- महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ट्रक नं. |
|---|---|
| १. | DL. ILE-4161 |
| २. | DL. ILE-9903 |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

2

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४

आधिकारिकता मुद्रण बिंभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।